# INFORMALIZATION OF LABOUR RELATION

**INTRODUCTION:**
The World Social Forum (WSF) is a civil society forum to speak out and challenge the existing neoliberalism and hegemonic globalisation that has historically perpetuated poverty, inequality, and injustice. It offers space for people's struggles across the globe to submerge, collaborate and extend solidarity with each other for equality, peace, and justice. It is also a forum where not only are frustrations and waves of anger demonstrated, but they popularize the alternatives for alter-globalization that promote the counter-narratives towards building 'Another World is Possible' free from poverty, inequality, war, exploitation, and injustice. The WSF 2024 is taking place in Kathmandu, Nepal from 15 to 19 Feb 2024 where many forums like Intercontinental Youth Forum are going to be organised Nepal to be discussed widely.

## INFORMALIZATION IN LABOUR IS NOT ACCEPTABLE

- The prevailing global economic system, rooted in capitalism, has given rise to substantial income inequalities. While rich amassed significant wealth, the larger labor force, particularly those engaged in informal sector work, grapples with issues like low wages, scarce opportunities, job insecurity, inequality, and exploitation. The informal workers are being historically exploited, abused, and treated inhumanly. The growth driven by The Fourth Industrial Revolution (4IR) has brought opportunities for the younger generation having skilled on technologies leveraging digitalisation and online to enhance work efficiency. Notably, contract-based Gig work has surged, offering flexibility and novel employment prospects. However, the 4IR era and neoliberal and globalisation driven economy has played a role in the widespread phenomenon of informalisation that represent a significant departure from traditional employment structures, blurring the boundaries between formal and informal sectors impacting a significant portion of the labour force. This trend introduces uncertainties and poses challenges concerning labour rights and social protections for workers like lack of job security, lack of regulation and labour monitoring, unsafe workspace, unrecognised and non-respectful job, low & unfair wage, unequal bargaining power, insecure employment, inequal fair pushing towards vulnerability and exposure of exploitation & violence.

The current trends of informalisation of economy does not inform policy makers in enforcement of social protection and other rights of the workers so its utmost important for collective efforts and struggles from national to global to ensure protect and guarantee the rights of the informal workers and emerging Gig workers' rights.

## IMPACT OF INFORMALIZATION ON WOMEN WORKERS IS TERRIBLE:

The informalization of the labour market has a distinct and significant impact on women workers within the informal sector. This trend leads to a multitude of challenges and face heightened vulnerability, experiencing exploitation and lacking fundamental labor rights including limited legal protection, lower wages, or even the absence of formal employment with wage disparities. Occupations associated with care work, often undertaken by women in the informal sector, lack recognition and are undervalued, contributing to the feminisation of informal labor. Furthermore, the absence of social protections, such as health insurance, maternity leave, and pension benefits, increases the vulnerability of women workers, exacerbating issues of inequality, exploitation, and concerns related to safety, security, and occupational health.

In this backdrop, in partnership with Trade Unions and other likeminded organisations ActionAid International Nepal has called for Global Solidarity against the Informalisation of economy and its impact on labour relation through demonstrating and sharing struggles faced by Informal workers worldwide.

## OBJECTIVE:

ActionAid International Nepal in partnership with Trade Unions aims collective efforts and global solidarity to amplifying the issues against informalisation of labour relationship to advocate for the rights and protection of and informal and Gig workers.

## EXPECTED OUTCOMES:

- Global Solidarity against the Informalization of labour relationship relies on collective power of workers sharing struggles to build global solidarity for workers' rights fighting discrimination, exploitation, violence, and inequality, ensuring social protection.

- Empowering informal workers for voicing out against neoliberal economic model and hegemonic globalisation, inequality and unjust global economic order.

## KEY ACTION

- Global Solidarity Rally on collective power of workers sharing struggles and experiences from different continent (Asia, Pasic, Africa, Latin America)
- Panel session on informalisation of labour and its impact on workers' rights and protection: struggles and demand
- Mass mobilisation via demonstration with demands and equipment's (speaking demands serve as a powerful tool to express the collective aspirations of workers).
- Manage the information booth for Information sharing and IEC dissemination.

## ACTIVITIES

- Produce IEC material (testimonies, Key Ask/Demand, Poster, Flyers) for dissemination.
- Develop Flyer both in English and Nepali version.
- Video stories if possible or existing to be used.
- Signature campaigns & Flash mob by Labour women
- Organize a panel session on informalisation oflabour, where workers' movement leaders will speak
- Media mobilization /Social media campaign
- Stall installation for IEC dissemination (Poster, Flyers etc.)

## OPPOSE /DEMAND

- "Social Protection NOW! Demanding Dignity, Ensuring Safety, and Justice for the Rights of Informal Workers."
- Act Now! Uphold, Protect and Respect the labour Rights of Informal Worker!
- Guarantee Safe & violence Free Working Space for Informal Workers!
- No to Neoliberism
- No to Modern Slavery
- Down Exploitative Capitalism Down
- No to Violence in Workplace
- No wage discrimination based on Gender.
- No to Gender Bias on work
- No to Unjust Power in labour work
- No disparity in wage
- End Discrimination against labour
- Exploitation to Labor is an offense.
- Social protection is fundamental.
- Say No to Unsafe Migration
- Respect Women's Care work
- End Austerity
- Respect and Protect Informal Women Workers Right
- Women Stop the World Stop

## DATE OF THE EVENT:

17th Feb,2023 (Saturday) from 9 am -11 am

Venue: Nepal Tourism Board, Bhrikuti Mandap

actionaid

# श्रम सम्बन्धको अनौपचारिकीकरण अन्यायपूर्ण छ

## परिचय

विश्व सामाजिक मञ्च ऐतिहासिक रुपमा गरिबी, असमानता र अन्यायलाई निरन्तरता दिने विद्यमान नवउदारवाद र आधिपत्यवादी विश्वव्यापीकरण विरुद्ध संगठित आवाज र चुनौती दिनको लागि एक वैश्यविक नागरिक सामाजको अगुवाइ गर्नेहरुको विशाल जमघट हुने मञ्च हो । यसले समानता, विश्व शान्ति र न्यायको लागि संगठित हुन र बृहत् ऐक्यबद्धता विस्तार गर्न विश्वभर न्यायका पक्षमा संघर्षरत अगुवाहरूलाई सहयोग प्रदान गर्दछ । यो एउटा त्यस्तो विश्व जमघट हो, जहाँ निराशा र क्रोधका तरंग वा प्रदर्शनमात्र हुँदैनन्, तर तिनीहरुले गरिबी, सबै प्रकारका असमानता, शक्ति राष्ट्रहरूबाट हुने थिचोमिचो, युद्ध, शोषण र अन्यायबाट मुक्त "अर्को विश्व निर्माण सम्भव छ" भन्ने भाष्यलाई प्रवर्द्धन गर्ने परिवर्तनको सवाललाई बल पुऱ्याउने, विश्वव्यापीकरणका तमाम र निर्विवादित विकल्पहरुलाई लोकप्रिय बनाउँछन् । विश्व सामाजिक मञ्च १५ देखि १९ फेब्रुअरी २०२४ (३ देखि ७ फाल्गुन २०८०) सम्म काठमाडौं, नेपालमा आयोजना हुँदैछ, जहाँ अन्तरमहादेशीय युवा मञ्च लगायतका धेरै मञ्चहरु आयोजना हुँदैछन् ।

## श्रमको अनौपचारिकीकरण स्वीकार्य छैन ।

- पुँजीवादमा आधारित विद्यमान विश्वव्यापी आर्थिक प्रणालीले आम्दानीमा ठूलो असमानता सिर्जना गरेको छ, जहाँ विश्वको ठूलो श्रमशक्ति; विशेषगरी अनौपचारिक क्षेत्रमा काम गर्नेहरू न्यून ज्याला, सीमित अवसर, असुरक्षित रोजगारी, असमानता र श्रम शोषण जस्ता समस्याहरूसँग संघर्ष गर्न बाध्य छन् । अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरू दशकौंदेखि शोषण, दुर्व्यवहार र अन्यायपूर्ण शक्ति सम्बन्धका कारण पीडित हुँदै आएका छन् । विश्वमा उदाइरहेको चौथो औद्योगिक क्रान्ति (4IR) ले डिजिटलाइजेसन र अनलाइन प्लेटफर्म माध्यमको व्यापक प्रयोगलाई बढावा दिएको छ । निश्चित रुपमा यसले प्रविधिहरूमा सीप र दक्षता भएका युवा पुस्ताका लागि कार्यदक्षता अभिवृद्धि गर्ने अवसरहरू सिर्जनाको सम्भावना प्रशस्त गरेको छ । साथै, करारमा आधारित डिजिटल र अनलाइनमा आधारित श्रमले नयाँ रोजगारीका सम्भावनाहरू बोकेको छ भने लचिलो पनि छ । समग्रमा, 4IR औद्योगिक युग, नवउदारवादी र विश्वव्यापीकरणमा सञ्चालित अर्थतन्त्रले अनौपचारिकीकरणको व्यापकताले परम्परागत रोजगारीको प्रवृत्तिबाट फड्को मारेको छ । तर, यसले औपचारिक र अनौपचारिक क्षेत्रहरूबीच असमानता कायम गर्दै श्रमशक्तिको बजारलाई अन्यायपूर्ण र नकारात्मक प्रभाव पारेको छ । यस्ता प्रवृत्तिले श्रम अधिकार र सामाजिक सुरक्षामा अनिश्चितता तथा थप चुनौतीहरू जस्तै; रोजगारको जोखिम, कमजोर श्रम बजारको नियमन, असुरक्षित कार्यस्थल, अपरिचित र असम्मानजनक काम, विभेदपूर्ण ज्याला, असमान श्रम सम्झौता, असुरक्षित रोजगारी, जोखिमयुक्त कार्यस्थल, श्रम शोषण र हिंसाजस्ता चुनौतीहरुलाई जटिल बनाइरहेको छ । अर्थतन्त्रको अनौपचारिकीकरणको वर्तमान प्रवृत्तिले नीति निर्माताहरूलाई सामाजिक सुरक्षा र श्रमिकका अधिकारको कार्यान्वयन सम्बन्धी विषयमा ध्यानकर्षण गरिरहेको छ । यो चौथो औद्योगिक क्रान्तिले व्यापकता पाइरहेको युगमा अनौपचारिक र गिग श्रमिकहरूको अधिकारको रक्षा गर्न राष्ट्रियदेखि विश्वव्यापी रूपमा सामूहिक प्रयास र संघर्षहरुलाई संगठित गर्न अत्यन्त आवश्यक बनेको छ ।

## श्रमिक महिलाहरूमा अनौपचारिकीकरणको प्रभाव डरलाग्दो छ ।

श्रम बजारको अनौपचारिकीकरणले अनौपचारिक क्षेत्रका महिला श्रमिकहरूमा अत्यन्त नकारात्मक प्रभाव पारेको छ । यस प्रवृत्तिले अनौपचारिक क्षेत्रका महिला श्रमिकको क्षेत्रमा न्यूनतम श्रम अधिकारहरूको सुनिश्चित नहुँदा कार्यस्थलमा उच्च जोखिमको सम्भावना, श्रम शोषणको घटनामा वृद्धि, सीमित कानुनी सुरक्षा र कमजोर कार्यान्वयन, श्रमको अनुपातमा न्यून र विभेदपूर्ण ज्याला जस्ता थप चुनौतीहरू देखिन्छ । त्यसैगरी अनौपचारिक क्षेत्रमा घरेलु हेरचाहको काम पनि पर्दछ, जुन प्रायः महिलाहरूले गर्दै आएका छन् जहाँ सम्मानजनक पहिचान/कानुनी मान्यताको अभाव र मूल्यांकन भएको देखिँदैन । यस्ता क्षेत्रका श्रमिकको हकमा स्वास्थ्य बीमा, सुत्केरी बिदा र पेन्सन लाभजस्ता सामाजिक सुरक्षा प्याकेजहरु नहुँदा महिला श्रमिकहरूको रोजगार सुरक्षाको जोखिम झन् डरलाग्दो छ । तसर्थ, अनौपचारिक क्षेत्रका श्रमिक महिलाहरूको श्रम अधिकार सुनिश्चित गर्नका लागि अन्यायपूर्ण श्रम सम्बन्ध, श्रम विभेद, शोषण, असुरक्षाविरूद्ध र व्यवसायिक स्वास्थ्य सम्बन्धी मुद्दालाई विश्वव्यापी रुपमा उठान गर्नुपर्ने आजको आवश्यकता र माग हो ।

यस पृष्ठभूमिमा, एक्सनएड अन्तर्राष्ट्रिय नेपालले श्रमिकहरुको छाता संगठन ट्रेड युनियनहरू र यस सवालमा क्रियाशील अन्य सञ्जाल संघसंस्थाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अर्थतन्त्रको अनौपचारिकीकरण र यसले श्रम सम्बन्धमा पार्ने नकारात्मक प्रभावका विरुद्ध विश्वव्यापी रूपमा अनौपचारिक श्रमिकहरूले सामना गरिरहेका संघर्ष, विरोधका आवाज, आलोचनाहरु र विश्वव्यापी ऐक्यवद्धताका लागि आह्वान गरेको छ ।

## उद्देश्य

एक्सनएड अन्तर्राष्ट्रिय नेपालले श्रमिक संघसंगठन तथा ट्रेड युनियनहरूसँगको सहकार्यमा श्रम सम्बन्धको अनौपचारिकीकरण विरुद्धका सवालमा सामूहिक प्रयास र विश्वव्यापी ऐक्यबद्धतालाई प्रवर्द्धन गर्न र अनौपचारिक तथा गिग श्रमिकहरूको अधिकार र संरक्षणको वकालत गर्ने उद्देश्य राखेको छ।

## अपेक्षित नतिजाहरू

- श्रम सम्बन्धको अनौपचारिकता विरुद्धको विश्वव्यापी ऐक्यबद्धता निर्माण, श्रमिकहरूको संगठित आवाजलाई व्यक्त गर्न यसका लागि सबै प्रकारका विभेद र अन्याय, भेदभाव, शोषण, हिंसा र असमानताविरुद्ध लड्ने, सामाजिक सुरक्षा सुनिश्चित गर्न यस्ता मुद्दामा सिर्जित आक्रोश तथा विकल्पका आवाजहरुलाई स्थान दिन साझा मञ्च सिर्जना गर्ने।

- नवउदारवादी आर्थिक मोडेल र आधिपत्यकारी विश्वव्यापीकरण, असमानता र अन्यायपूर्ण विश्वव्यापी आर्थिक व्यवस्थाविरुद्ध अनौपचारिक श्रमिकहरूको आवाजबीच साझा बुझाइ र सवाललाई सशक्त बनाउने।

## मुख्य कार्यहरू

- विभिन्न महाद्वीप (एसिया, प्यासिफिक, अफ्रिका, ल्याटिन अमेरिका) बाट श्रमिकहरूको संघर्ष र अनुभव साझा गर्ने र आम सहभागितामा सामूहिक प्रदर्शन ऱ्याली।
- अर्थतन्त्र/श्रमको अनौपचारिकीकरण तथा श्रमिक अधिकार र संरक्षणमा यसको प्रभावः संघर्ष र तमाम विकल्प सम्बन्धी प्यानल सत्र।
- विरोध र विकल्पको सवालमा कलात्मक रुपमा प्रदर्शन तथा जन परिचालन।
- माग र श्रमिकले उपयोग गर्ने उपकरणसहित प्रदर्शनमार्फत जन परिचालन (श्रमिकहरूको सामूहिक आकांक्षा र माग व्यक्त गर्ने एक शक्तिशाली औजार हो।)
- विभिन्न प्रचारप्रसार सामग्री वितरण र व्यवस्थापन
- भिडियो कथाहरू प्रसारण गर्ने।
- श्रमिक महिलाहरुद्वारा हस्ताक्षर अभियान र फ्ल्यास मोब गर्ने।
- न्यायका आवाजहरुलाई व्यापक बनाउन विभिन्न सञ्चार कार्य।

## विरोध/माग

- अन्यायपूर्ण श्रमको अनौपचारिकीकरण बन्द गर।
- लैंगिकताका आधारमा सामाजिक सुरक्षामा भेदभाव गर्न पाइँदैन।
- अनौपचारिक क्षेत्रका श्रमिकका सामाजिक संरक्षण सुनिश्चित गर।
- न्यायोचित ज्याला श्रमिकको अधिकार।
- कार्यस्थल हिंसामुक्त गर।
- सबै श्रमिकका लागि सामाजिक सुरक्षा।
- श्रमिक महिलाको पहिचान, संरक्षण र सम्मान गरियोस्।
- श्रमको अनौपचारिकीकरण स्वीकार्य छैन।
- अनौपचारिक क्षेत्रका महिला श्रमिकमाथि हुने शोषण अन्त्य गर।
- श्रममा रहेको असमनाता अन्त्य गर।
- "अनौपचारिक श्रमिकहरूका लागि सुरक्षित र हिंसामुक्त कार्यस्थल सुनिश्चित गर!"
- "नवउदारवादलाई अन्त्य गर!"
- "आधुनिक दासत्व बन्द गर!"
- "शोषक पुँजीवादको अन्त्य गर!"
- "कार्यस्थलमा हिंसा बन्द गर!"
- "लैंगिक आधारमा ज्यालामा विभेद गर्न पाइँदैन।
- "काममा लैंगिक पूर्वाग्रह बन्द गर!"
- "श्रममा अन्यायपूर्ण शक्तिलाई अन्त्य गर!"
- "ज्यालामा समानता कायम गर!"
- "श्रमिक विरुद्धको भेदभाव अन्त्य गर!"
- "श्रम शोषण अपराध हो!"
- "सामाजिक सुरक्षा आधारभूत अधिकार हो!"
- "असुरक्षित आप्रवासनलाई बन्द गर!"
- "महिलाले गर्ने हेरचाहको कार्यलाई सम्मान गर!"
- "श्रममा आर्थिक कठोरता (Austerity) बन्द गर!"
- "महिला रोकिए संसार रोकिन्छ!"

## कार्यक्रमको मिति

१७ फेब्रुअरी, २०२४ (शनिबार) बिहान ९:०० बजे देखि ११:३० बजेसम्म।

स्थानः नेपाल पर्यटन बोर्ड, भृकुटीमण्डप


**COUNTRY OFFICE**

Apsara Marga, Lazimpat
Ward No. 3, Kathmandu, Nepal

P.O. Box. 6257

Tel.: +977(0)1 400 2177

Email: mail.nepal@actionaid.org

Website: nepal.actionaid.org/